# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


राष्ट्रिय मानव अधिकार आयोग नेपाल

## प्रेस विज्ञप्ति

२०७४ फागुन २ गते

**आमाको नामबाट नागरिकता प्रदान गर्ने तथा वेवारिसे शवको पहिचान खुल्ने गरी अभिलेख राख्ने सम्बन्धमा आयोगको सिफारिस ।**

राष्ट्रिय मानव अधिकार आयोगले आमाको नामबाट प्रत्येक सन्ततीलाई नागरिकता प्रदान गर्न नेपाल सरकारलाई सिफारिस गरेको छ ।

आमाको नामबाट नागरिकता प्राप्त गर्न समस्या रहेको भनी आयोगमा प्राप्त हुने उजुरी तथा सूचनाको सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगको बैठकमा आज गम्भिररुपमा छलफल भएको छ ।

नेपालको संबिधान (२०७२) को धारा १२ ले वंशीय आधार तथा लैंगिक पहिचान सहितको नागरिकता प्रदान गर्न गरेको व्यवस्था तथा सर्वोच्च अदालतको फैसला बमोजिम आमाको नामबाट नागरिकताको प्रमाणपत्र लिन चाहने प्रत्येक सन्ततीलाई नागरिकता प्रमाणपत्र प्रदान गर्ने व्यवस्था गर्न आयोगले नेपाल सरकारलाई सिफारिस गरी पठाएको छ ।

साथै, आयोगको बैठकले वेवारिसे शवहरुको पहिचान सहितको उचित अभिलेख राख्न नेपाल सरकारलाई देहाय अनुसारको सिफारिस गरेको छ ।

- वेवारिसे शव पहिचान सम्बन्धमा हाल प्रहरीले अपनाइरहेको प्रक्रियामा प्रहरीको आन्तरिक साथै वाह्य संयन्त्रको जस्तै सञ्चार माध्यम समेत प्रयोग गर्न ।
- नगरपालिका, गाउँपालिका लगायत स्थानीय तहहरुबाट वेवारिसे शव सदगद गर्दा अनिवार्य रुपमा व्यवस्थित अभिलेखीकरण गर्न ।
- वेवारिसे शव व्यवस्थापन सम्बन्धमा प्रचलित कानूनमा भएका व्यवस्थाहरु पर्याप्त नभएका हुनाले पुनरावलोकन गर्न ।

...............
मोहना अन्सारी
सदस्य/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org